# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

१२ फागुन, २०७८

### आवश्यकताभन्दा बढी बल प्रयोग नगर । विरोध प्रदर्शनलाई संयमित बनाऊ ।

प्रतिनिधि सभामा अनुमोदनका लागि पेश भएको अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौताको विरोधमा विभिन्न राजनीतिक दल, तिनका भातृ संगठनका कार्यकर्ता तथा सर्वसाधारणले विगत केही दिनदेखि गर्दै आइरहेको प्रदर्शनको क्रममा हिंसात्मक गतिविधि भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । विरोध प्रदर्शनको आयोगले स्थलगत तथा विभिन्न माध्यममार्फत नजिकबाट अनुगमन गरिरहेको छ ।

पछिल्लो समय गत २०७८ फागुन ८ गते काठमाडौंको नयाँ बानेश्वरमा भएको विरोध प्रदर्शनको क्रममा प्रदर्शनकारीहरुले सडक छेउमा ओच्छ्याइएको ढुङ्गा, इट्टालगायतले सुरक्षाकर्मीमाथि आक्रमण गर्दा २१ जना सुरक्षाकर्मी तथा केही प्रदर्शनकारीहरु घाइते भएको र उक्त क्षेत्रमा रहेका सर्वसाधारणका पसल तथा भौतिक संरचनाहरुमा समेत क्षति पुगेको पाइएको छ । प्रदर्शनलाई नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीबाट समेत आवश्यकताभन्दा बढी बल प्रयोग भएको आयोगको अनुगमनबाट पाइएको छ ।

शान्तिपूर्ण रुपमा भेला हुने, विरोध प्रदर्शन गर्ने र असहमति जनाउने संवैधानिक तथा मौलिक हक भए तापनि विरोध र असहमतिको नाममा हिंसात्मक कार्य हुनु अत्यन्त दुःखद र खेदजनक छ । यस्ता कार्यहरु मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ र २०, नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १९ र नेपालको संविधानको धारा १७ को समेत विपरीत हुने देखिन्छ । साथै, यस प्रकारका गतिविधिले नेपालको कानूनले आमनागरिकलाई प्रदान गरेका कानूनी हक एवम् आधारभूत मानव अधिकारको उपभोगमा समेत बाधा उत्पन्न हुन जान्छ ।

अत : नागरिकको शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने मानव अधिकारको सम्मान गर्न, आवश्यकताभन्दा बढी बल प्रयोग नगर्न र शान्ति सुरक्षा कायम गर्दा संयमित हुन आयोग नेपाल सरकार एवम् सम्बद्ध निकायहरुलाई आग्रह गर्दछ । साथै, आफ्नो विरोध प्रदर्शनलाई शान्तिपूर्ण बनाउन, सर्वसाधारण व्यक्तिका सम्पत्ति र भौतिक संरचनाहरुमा क्षति नपुऱ्याउन, विरोध प्रदर्शन गर्दा संयमित हुन तथा आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको उपभोगमा अवरोध नपुऱ्याउन आयोग विरोध प्रदर्शनमा उत्रिएका राजनीतिक दल, राजनीतिक दलका भातृ संगठन तथा सर्वसाधारणलाई आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता